## राष्ट्रिय विकास समस्या समाधान समितिको २०७४ पुस २१ मा बसेको

## ४१ औं बैठकले गरेका निर्णयहरु

१. मन्त्रालयहरुबाट स्थानीय तहमा हस्तान्तरित कामका विषयमा आ-आफ्नो बिषयगत क्षेत्रमा आवश्यकता अनुसार शाखागत कार्य जिम्मेवारी, नमूना कानून, मापदण्ड तथा कार्यविधि तयार गरी सबै गाउँपालिका तथा नगरपालिकालाई २०७४ माघ मसान्तभित्रमा उपलव्ध गराउनुका साथै सो सम्बन्धमा अभिमुखीकरण गराउने ।

२. स्थानीय तहले प्राप्त अनुदान रकमबाट विषयगत क्षेत्रका कार्यक्रम संचालनका लागि गरेको बाँडफाँट, कार्यान्वयनसम्बन्धी व्यबस्था, कार्यरत जनशक्ति तथा तिनीहरुको क्षमता, सेवा प्रवाहमा रहेका सवालहरु वा ल्याइएका सुधारहरु आदि बिषयमा राष्ट्रिय योजना आयोगको संयोजकत्व तथा अर्थ र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संलग्नतामा २०७४ माघ मसान्तभित्र केही स्थानीय तहको अध्ययन गराई आबश्यक नीतिगत व्यबस्थाका लागि सुझाव दिन लगाउने ।

३. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अन्य मन्त्रालय तथा विभागसंग समन्वय गरी स्थानीय पूर्वाधारको मापदण्ड तथा पूर्वाधारसम्बन्धी स्पष्ट कार्य जिम्मेवारीको खाका २०७४ माघ मसान्त भित्रमा तयार गर्ने र  स्वीकृत न्यूनतम मापदण्ड सबै स्थानीय तहमा उपलव्ध गराउने ।

४. स्थानीय तहमा खटाइएका कर्मचारीहरु सम्बन्धित स्थानमा नगएको वा गएको भए पनि गाउँपालिका तथा नगरपालिकाले त्यस्ता कर्मचारीलाई आफ्नो प्राविधिक विशेषज्ञताको काम नलगाउँदा उनीहरु अभिप्रेरित भइ काममा लाग्न नसकेको भन्ने गुनासो रहेकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सामान्य प्रशासन, संघीय मामिला तथा स्थानीय विकास र अन्य मन्त्रालयवीच समन्वय गराई खटिएको कर्मचारी समयमै जाने व्यबस्था निरन्तर रुपमा गर्ने । यस्ता कर्मचारीहरुलाई आफ्नो पेशा वा प्राविधिक विशेषज्ञताको काममा लगाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहसँग समन्वय गर्ने ।

५. संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन प्रयोजनका लागि सबै मन्त्रालय तथा निकायहरुले आफू मातहतका कर्मचारीहरुको यथार्थ विवरण अद्यावधिक गरी २०७४ पुस मसान्तभित्र सामान्य प्रशासन मन्त्रालयलाई उपलब्ध गराउने ।

६. राष्ट्रिय गौरवका रुपमा रहेको भेरी-बवई डाइभर्सन आयोजनामा उत्साहजनक रुपमा निर्माण कार्य अघि बढिरहेकाले उक्त आयोजना र वबई सिंचाइ आयोजनाका लागि समेत सिंचाइ मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी वजेटको अभाव हुन नदिने ब्यवस्था गर्ने ।

७. गौतम बुद्ध विमानस्थलका लागि थप जमीन अधिग्रहण गर्न मुआब्जा वितरण कार्यमा आयोजना निर्देशक नै संलग्न हुँदा निर्माणमा बाधा अवरोध परेकाले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७४ पुस मसान्तभित्र बैकल्पिक ब्यवस्था गरी निर्माण कार्यमा प्रभावकारिता ल्याउने ।

८. निजी आवास पुनर्निर्माणका लागि अनुदान र प्राविधिकहरुको पारिश्रमिक भुक्तानी नगरपालिका र गाउँपालिकाहरुबाटै गराउने गरी अर्थ मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी राष्ट्रिय पुन:निर्माण प्राधिकरणले २०७४ माघ १५ भित्र आबश्यक ब्यवस्था मिलाउने ।

९. सम्पदा निर्माण तथा पुनर्निर्माणमा ढिलाई भइरहेकाले काठ लगायतका सामग्री पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले वन तथा भू-संरक्षण मन्त्रालय तथा अन्य निकायसँग समन्वय गरी आवश्यक व्यबस्था मिलाउने ।

१०.व्यापार सहजीकरणका लागि विश्व बैंकको सहयोगमा निर्माण हुने National single window का सम्बन्धमा समन्वय र सहकार्य गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, बाणिज्य सचिव र अर्थ मन्त्रालयका राजश्व सचिव सदस्य र बाणिज्य मन्त्रालयका सम्बन्धित सहसचिव सदस्य सचिव रहने गरी एक समन्वय समिति गठन गर्ने ।

११. गाउँपालिका तथा नगरपालिकामा तथ्यांक संकलन, आबधिक तथा बार्षिक योजना तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नका लागि आवश्यक जनशक्तिको अल्पकालीन माग परिपूर्ति गर्न स्नातकोत्तर परीक्षा दिइ बसेका वा उत्तीर्ण गरेका युवाहरुलाई राष्ट्रिय योजना आयोगले दुइ महिनाभित्र योजना प्रक्रियासम्बन्धी तालिम दिई राष्ट्रिय विकास स्वयम्सेवक सेवा कार्यक्रम (NDVS) मार्फत स्थानीय तहमा खटाउने ।